आठराई त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ्पाङ, ताप्लेजुङ
१ नं प्रदेश नेपाल

मिति:-२०७७/१२/०६

## करार सेवामा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धमा सूचना

आठराई त्रिवेणी गाउँपालिकामा इन्जिनियरिङ्ग, असिस्टेन्ट सब इन्जिनियर तथा खा.पा.स.टे सेवा तर्फ रहने गरी तपशीलका पदमा देहायको संख्या र योग्यता भएका प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फारम आठराई त्रिवेणी कार्यालयबाट वा गाँउपालिकाको बेवसाइट **www.aathraitribenimun.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

तपशिल:

| विज्ञापन नं. | पद | सेवा | माग संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|
| २०/०७७/७८ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | १ | १००० |
| २१/०७७/७८ | असिस्टेन्ट सब ईन्जिनियर चौथो | ईन्जिनियरिङ्ग | १ | ३०० |
| २२/०७७/७८ | खा.पा.स.टे चौथो | ईन्जिनियरिङ्ग | १ | ३०० |

**आवश्यक न्यूनतम योग्यता र अनुभव:**

१. **शैक्षिक योग्यता**

क. ईन्जिनियर: ईन्जिनियरको हकमा मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ वा आर्किटेक्चर विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ । ईन्जिनयर पदको हकमा नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र) ।

ख. असिस्टेन्ट सब ईन्जिनियर चौथोको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि./ एस.ई.ई उतिर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टि.एस.एल.सी उतिर्ण गरेको ।

ग. खा.पा.स.टे. चौथोको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि./ एस.ई.ई उतिर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टि.एस.एल.सी उतिर्ण गरेको ।

२. **परिक्षाको किसिम:** आठराई त्रिवेणी गाँउपालिकामा करारमा प्राविधिक व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५, बमोजिम हुनेछ ।

मिति:-२०७७/१२/०६

३. **उमेरः** १८ बर्ष पुरा भई ४५ बर्ष ननाघको ।

४. **परिक्षा केन्द्रः** आठराई त्रिवेणी गाँउपालिकाको कार्यालय, हाङपाङ, ताप्लेजुङ ।

५. **दरखास्त दिने अन्तिम मितिः** २०७७/१२/२१ गते कार्यालय समय सम्म ।

६. **दरखास्त बुझाउने स्थानः** आठराई त्रिवेणी गाँउपालिकाको कार्यालय, हाङपाङ, ताप्लेजुङ ।

७. **आवेदन तथा संलग्न कागजातहरुः**

 क. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

 ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

 ग. सीप परिक्षणका प्रमाणपत्रको प्रतिलिपि

 घ. अनुभवका प्रतिलिपि प्रमाणपत्रहरु

 ङ. ३ प्रति पासपोर्ट साईजको फोटो

८. सेवा अवधि र सुविधा गाँउपालिकाको नियमानुसार ।

**नोटः** राष्ट्रिय वाणिज्य बैंक, हाङपाङ शाखामा रहेको आठराई त्रिवेणी गाँउपालिकाको आन्तरिक राजश्व खाता नं. २६७०१००३०१०१०००२ मा परिक्षा दस्तुर जम्मा गरेको भौचर र दरखास्त फारम सहित आवश्यक कागजात अपलोड गरि **aathrai.tribenimun@gmail.com** मार्फत पनि आवेदन दिन सकिनेछ । अन्य जानकारीका लागि ९८४२६४२९७१ मा सम्पर्क राख्न सकिनेछ ।

१२/०६

प्रमुख प्रशासकीय अधिकृत